नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

पो.ब.नं. : ३९८७

सिंहदरबार, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-

मितिः २०८३/०२/२२

नेपाल सम्वत् ११४६


## मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका विषयमा राय सुझाव उपलब्ध गराउनका लागि सार्वजनिक अनुरोध ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय (माननीय मन्त्रिस्तर) को मिति २०८३/०२/०४ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कृषि वन तथा पर्यावरण मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोष लगायतका प्रतिनिधिहरू, संरक्षणकर्मी तथा अनुसन्धानकर्ता, अर्थ विज्ञ, कृषि विज्ञ, पशु चिकित्सक लगायतका विज्ञहरू सदस्य रहेको मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि गर्नुपर्ने कार्यहरुका सम्बन्धमा राय सुझाव उपलब्ध गराउन प्राविधिक कार्यदल गठन भएको छ ।

यस प्राविधिक कार्यदललाई मुख्य गरी नेपालमा विद्यमान मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका सम्बन्धमा विभिन्न कार्यदलहरूबाट विगतमा तयार गरिएका प्रतिवेदन, अध्ययन अनुसन्धान, नीतिगत तथा संस्थागत व्यवस्था, राहत तथा क्षतिपूर्ति प्रणाली र हालसम्म भएका व्यवस्थापन प्रयासहरूको समीक्षा र विश्लेषण गरी द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीतिगत तथा संस्थागत उपायहरू सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको छ ।

यसै सन्दर्भमा, कार्यदलको मिति २०८३/०२/१८ को बैठकले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका विषयमा अध्ययन अनुसन्धान गर्ने, विभिन्न कार्यक्रमहरू संचालन गर्ने संघ, प्रदेश र स्थानीय सरकारका निकायहरू, गैह्र सरकारी संघ संस्था, विज्ञहरू र आम सर्वसाधरणबाट राय सुझाव संकलन गर्ने निर्णय गरेको हुँदा बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका उपायहरूमा केन्द्रित रही १५ दिन भित्र तपसिल बमोजिमको ठेगानामा राय सुझाव उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, यस कार्यदलले मानव-वन्यजन्तु द्वन्द्व सम्बन्धि अध्ययन, अनुसन्धान र व्यवस्थापनमा कार्य गर्दै आउनु भएका विज्ञहरूको सहभागिता एवं महत्त्वपूर्ण सुझावहरूको अपेक्षा गरेको छ । तसर्थ, यस कार्यमा योगदान गर्न वा आमन्त्रित सदस्यको रुपमा कार्य गर्न इच्छुक विज्ञहरूले तपसिलमा उल्लिखित माध्यम मार्फत जानकारी उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं ।

<u>तपसिल:</u>

<u>पत्राचार गर्ने ठेगाना</u>


मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन प्राविधिक कार्यदलको सचिवालय

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

**Email Id - hwctaskforce@mofe.gov.np**

**WhatsApp: 9744637810,**


**QR कोड**


शिला ज्ञवाली

सदस्य

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, प्राविधिक कार्यदल

उपसचिव (प्रा.)

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।





Scanned with CamScanner